सिलीचोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

## खण्डः ७, संख्याः ५, भागः २

सिलीचोङ गाउँपालिका

तामकु, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल।

# सिलीचोङ गाउँपालिका बाल कल्याण कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०८०

*स्वीकृत मितिः २०८०/०८/२७*

**प्रस्तावनाः**

प्राकृतिक विपद, दुर्घटना, द्वन्दकाकारण जोखिममा रहेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गरी उनीहरूको हकहितको संरक्षण सवर्द्धन गरी शारीरिक, मानसिक, बौद्धिक र संवेगात्माक विकासमा सहयोग पुर्याई बाल अधिकारको संरक्षण र सम्बर्द्धनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि सिलीचोङ गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "सिलीचोङ गाउँपालिका बाल कल्याण कोष (स्थापना र संचालन) कार्यविधि, २०८० रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"कोष"** भन्नाले दफा ३ बमोजिमको कोष सम्झनु पर्दछ ।

सिलीचोङ गाउँपालिका

**(ख) "स्थानीय तह"** भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले जिल्ला सभालाई समेत जनाउछ ।

**(ग) "गाउँपालिका"** भन्नाले सिलीचोङ गाउँपालिका सम्झनु पर्दछ ।

**(घ) "बालवालिका"** भन्नाले १८ वर्ष उमेर पुरा नगरेका व्यक्ति सम्झनुपर्दछ ।

**(ङ) "विशेष संरक्षणको आवश्यकतामा भएका बालबालिका"** भन्नाले देहायका अवस्थाका बालबालिका सम्झनु पर्दछ ।

(१) बाबुआमा दुवै गुमाएका, बाबुआमा बेपत्ता भएका, बाबुआमाले अर्को विवाह गरी दुवैको संरक्षण र रेखदेखबाट वञ्चित भएका बालबालिका,

(२) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका या फेला परेका, बाबुआमाबाट अलगिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे अवस्थामा रहेका बालवालिका,

(३) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपांगता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(४) कानुनी विवादमा परेकामध्ये दिशान्तर प्रकृया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका वालवालिका,

(५) थुनामा रहेका वा बाबु/आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्वन्धित रहेको कारणले वेवारिसे भएको बालबालिका।

(६) जवरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण र संरक्षण गर्न नसक्ने भनी सम्बन्धित अधिकृत समक्ष निवेदन परेका बालबालिका,

(७) बाबु-आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले वालवालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(८) शारीरिक वा मानसिक यातना वा भेद भाव वा यौन शोषण वा दुव्र्यवहार जस्ता घटनाबाट पीडित भएकोमा परिवारद्वारा स्वीकार नगरिएका बालबालिका,

(९) बधुवा वा जोखिमपूर्ण या निकृष्ट प्रकृतिका या प्रचलित कानुन विपरीत जवरजस्ती श्रममा संलग्न गराई जीवनयापन गरिरहेका बालबालिका,

(१०) धूम्रपान, मद्यपान एवं अन्य लागूऔषधको कुलतमा फसेका बालबालिका,

(११) सडक बालवालिका,

(१२) एचआईभी र एड्स संक्रमित तथा प्रभावित बालवालिका

(१३) समीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भिर अपांगता भएको कारण जीवन जोखिममा रही बाबु-आमा या परिवारबाट उपचारको व्यवस्था हुन नसकेका वा सामान्य जीवनयापन गर्न कठिनाई भएका बालवालिका

(१४) बालबालिका विरुद्धको कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(१५) विपद् या सशस्त्र द्धन्द्ध या दुर्घटनाका कारणले बाबुआमा दुवै वा आमा बुबा मध्ये एक गुमाएका, बेपत्ता भएका वा मानसिक रूपमा घाइते वा अपांगता भएका वा मानसिक सन्तुलन गुमाएका बालबालिका,

(१६) विपन्न, दलित, लोपोन्मुख र पिछडा वर्गका बालवालिका,

(१७) अपहरण वा शरीर बन्धकमा परी शारीरिक या मानसिक रुपमा विक्षिप्त भएका बालबालिका,

(१८) बेचविखन वा ओसारपसारमा परी शारीरिक वा मानसिक रूपमा विक्षिप्त भएका वालवालिका,

(१९) जवरजस्ती र करकापबाट बालविवाहमा परेका बालबालिका, बालविबाह गरी विद्यालय छाडेका वा अन्य जोखिममा रहेका।

(२०) बालश्रममा संलग्न र बालश्रममा जानसक्ने अवस्था भएका बालबालिका।

(२१) मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालवालिका,

**(च) "संचालक समिति"** भन्नाले दफा ७ बमोजिम गठन भएको कोष संचालक समिति सम्झन पर्दछ ।

**(छ) "उपाध्यक्ष"** भन्नाले सिलीचोङ गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

**(ज) "उजुरी प्रशासक"** भन्नाले गाउँपालिकाको महिला बालबालिका शाखा प्रमुख सम्झनु पर्दछ।

**(ट)"गाउँसभा"** भन्नाले सिलीचोङ गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

**(ठ) "प्रमुख प्रशाशकिय अधिकृत "** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ बमोजिम प्रमुख प्रशाशकिय अधिकृतको कामकाज गर्न तोकिएको अधिकृत सम्झनु पर्दछ ।

**३. कोषको स्थापनाः**

(१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई तत्काल उद्धार राहत र पुनस्थापना गर्नका लागि एक बाल कल्याण कोष स्थापना गरिने छ । उक्त कोषमा देहाय बमोजिमको रकम रहनेछः

(क) नेपाल सरकार बाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) गाउँसभाबाट विनियोजन भएको रकम

(घ) अन्य स्थानीय तहबाट बाल कल्याण कोषको निमित्त प्राप्त भएको रकम,

(ङ) नेपाल सरकारको स्वीकृतिमा विदेशी सरकार विदेशी विकास साझेदार अन्तर्राष्ट्रिय संघ सस्था या व्यक्तिबाट प्राप्त रकम

(च) स्वदेशी संघ संस्था वा व्यक्तिवाट प्राप्त रकम ।

**४. कोषको उपयोगः**

(१) दफा ३ बमोजिम स्थापना भएको कोषको रकम देहायको कार्यमा खर्च गरिनेछ

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्वार गर्न
(ख ) विशेष संरक्षणको आवश्यकता भएका वालवालिकाको तत्काल राहत उपलब्ध गराउन,
(ग) खण्ड क बमोजिम उद्वार गरोएका बालवालिकालाई खानपान, लताकपडा, औषधी उपचार शिक्षा मनोविमर्ष सेवा, कानुनी सहायता, निरन्तर हेरचाह र संरक्षणका लागि पुनस्थापना वा दिशान्तर गर्न,
(घ) परिवार विहिन बालबालिकाहरुको पारिवारिक संरक्षण सेवा प्रदान गर्न,

(२) उपदफा (१) मा लेखिए बमोजिम बाहेकको अन्य कार्यमा कोषको रकम उपयोग गर्न सकिने छैन । तर दफा ९ बमोजिमको कार्यमा खर्च गर्न यस कार्यविधि बमोजिम बाधा पुगेको मानिने छैन ।

**५. कोषको रकम उपयोग गर्न नपाइनेः**

संचालक समितिको बैठक भत्ता, खाजा खर्च, भ्रमण खर्च, मसलन्द, छपाई, पत्रपत्रिका, विज्ञापन लगायतका कुनै पनि प्रशासनिक कार्यका निमित्त कोषको रकम खर्च गर्न पाइने छैन । तर दफा ४ बमोजिमको कार्य सम्पादन गर्न लाग्ने यातायातको प्रयोग लगायतका अत्यावश्यकीय कार्यमा कोषको रकम खर्च गर्न भने बाधा पुर्याएको मानिने छैन ।

**६. कोषबाट गरिने खर्चको सीमा :**

(१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरूको निमित्त देहाय बमोजिमको रकम खर्च गर्न सकिने छ ।

(क) विशेष संरक्षकको आवश्यकता भएका बालवालिकाको तत्काल उद्धार गर्दा लागेको विल भरपाई बमोजिमको खर्च रकम समितिको निर्णय बमोजिम उपलब्ध गराइने छ ।

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई समितिको निर्णय अनुसार तत्काल राहत स्वरूप देहाय बमोजिमको रकम,

(१) विपद् या दुर्घटना वा द्धन्द्धमा परी बावुआमा दुवैको मृत्यु भएको वा बेपत्ता भएको अवस्थामा रु १,००,००० ( एक लाख रुपैया) सम्म मात्र एकमुष्ट राहत सहयोग प्रदान गर्न सकिने छ।

(२) बाबु वा आमाको मृत्यु भएका, बेपत्ता भएका अथवा बाबु वा आमाले अर्को विवाह गरी दुवैको संरक्षण र रेखदेखबाट बन्चित भएका १८ वर्ष उमेर पुरा नगरेका

सिलिचोङ गाउँपालिका

बालबालिकालाई अधिकतम रु १२०००। वार्षिक रुपमा बैंक खाता मार्फत भत्ता वितरण गरिने छ ।

(ग) बालवालिकाको स्वास्थ्य अवस्था हेरी तत्काल स्वास्थ्य उपचारका लागी प्रति प्रभावित बालबालिकालाई एक पटकमा बढीमा रु १०,००० (दश हजार रुपैया) सम्म मात्र समितिको संयोजकबाट प्रदान गर्न सकिनेछ यसको लागि नेपाल सरकारबाट मान्यता प्राप्त चिकित्सकको प्रेस्क्रिप्शन सहित औषधी उपचार गरेको विल-भरपाई बुझाउनु पर्नेछ । साथै खर्चको यथार्थ विवरण त्यसको लगतै बसेको समितिको बैठकमा समितिको संयोजकले पेश गर्नु पर्नेछ ।

(घ) विशेष संरक्षणको आवश्यकता भएका वालवालिकालाई आपत्कालीन आश्रय दिनुपर्ने अवस्थामा निज बालवालिकाको साथमा रहने परिवार वा अभिभावक वा कानूनी संरक्षक वा संस्थाको प्रतिनिधि वा हेरचाहकर्ता एक जना समेतलाई जिल्ला सदरमुकाम वा अन्य स्थानमा बसेको प्रतिदिन रु १,००० एक हजार रुपैया सम्म मात्र का दरले खाने बस्ने खर्च बढीमा ५ दिनसम्मको मात्र प्रदान गर्न सकिनेछ,

(ङ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई बाल अधिकार संरक्षण केन्द्र, बालगृह, पुनस्थापना केन्द्र वा बाल सुधार गृह वैकल्पिक हेरचाहका लागि पुनस्थापना वा दिशान्तर गर्दा निजको शिक्षा, स्वास्थ्य हेरचाह खाना पोषाक लगायत अत्यावश्यक आवश्यकता परिपूर्तिका लागि लाग्ने मासिक खर्च समितिले ओचित्यको आधारमा तोके बमोजिमको रकम प्रदान गर्ने छ ।यसरी हेरचाहमा राख्दा बालगृह या पुनर्स्थापना केन्द्र वा बाल सुधार गृहसँग सम्झौता गरी सिधै उपलब्ध गराउन सकिनेछ ।

(च) वैकल्पिक हेरचाहका लागि पुनस्थापना वा दिशान्तर गर्नु पर्ने बालबालिकालाई बालगृह, बाल पुनस्थापना केन्द्र वा बाल सुधार गृहको संरक्षणमा पठाउँदा निजको परिवार या अभिभावक कानूनी संरक्षक वा संस्थाको प्रतिनिधि वा हेरचाह कर्ता एक जनालाई खाना तथा मासिक खर्चबापत दैनिक १,००० (एक हजार रुपैया ) सम्म मात्र का दरले ५ दिन सम्मको रकम र बाटोमा आउदा जादा लाग्ने सार्वजनिक यातायातको खर्च प्रदान गर्न सकिनेछ ।

(छ) निःशुल्क कानूनी सहायता उपलब्ध हुन नसकी थप कानूनी सहायता आवश्यक परेको खण्डमा सो को लागि लाग्ने रकम रु. १०,००० (दश हजार रुपैया) सम्म मात्र उपलब्ध गराईनेछ।

(ज) मनोविमर्श सेवा आवश्यक परेको खण्डमा सो सेवा प्रदान गरे वापत मनोविमर्शकर्तालाई प्रति व्यक्ति रु १,००० (एक हजार रुपैया) सम्म मात्र प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) अनुसार खर्च गर्दा देहायका कागजातहरुका आधारमा मात्र खर्च गर्नुपर्ने छ

(क) विशेष संरक्षण आवश्यक भएको बालबालिका हो भन्ने बारे स्थानीय तह र नजिकको प्रहरी कार्यालयको सिफारिस पत्र र वालवालिकाको जन्मदर्ता प्रमाणपत्र वा जन्ममिति खुल्ने शैक्षिक प्रमाणपत्र वा स्वास्थ्य संस्थाबाट प्राप्त जन्म मिति देखिने पत्र पेश गर्नु पर्ने छ । सो उपलब्ध हुन नसकेमा स्थानीय तहको सिफारिस पत्र वा सम्बन्धित वडाको सिफारीस पत्र,

(ख) बालबालिकाको बाबु आमाको मृत्युदर्ता प्रमाणपत्र वा स्थानीय तहको सिफारिस पत्र, संरक्षकको हकमा संरक्षक हो भनी वडाले दिएको सिफारीस पत्र, ५ वर्ष पुरा गरेको वालवालिकाको हकमा नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारीस पत्र,

(ग) अपांगता भएका बालबालिकाहरुको हकमा अपाङ्गता परिचयपत्र ।सो परिचयपत्र उपलब्ध हुन नसकेमा स्थानीय तहको सिफारिस पत्र, कानूनी सहायता मनोविमर्श सेवा आवश्यक भएका बालबालिकाको हकमा अवस्था हेरी सम्बन्धित कानून व्यवसाय वा विशेषज्ञसँग समन्वयमा समितिका निर्णयको आधारमा।

(३) विशेष संरक्षणको आवश्यकता भएका लाभग्राही बाल बालिकाहरुलाई सहयोग प्रदान गर्दा अनुसूची १ को ढाँचामा आवेदन फारम भराउनु पर्नेछ ।

(४) यस दफा बमोजिम विशेष संरक्षणको आवश्यकता भएका लाभग्राही बालबालिकाहरुलाई सहयोग प्रदान गर्दा संघीय सरकार, स्थानीय सरकारले प्रदान गरेको सहयोगमा दोहोरो नपर्ने गरी गर्नु पर्नेछ तर त्यस्ता बालबालिकालाई थप सहयोग आवश्यक भएको भनि स्थानीय तहबाट सिफारिस भई आएमा थप सहयोग प्रदान गर्न बाधा पुगेको मानिने छैन

**७. संचालक समितिको गठनः**

कोष संचालनका लागि देहाय बमोजिमको एक बाल संरक्षण कोष संचालक समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्षः | संयोजक |
| (ख) सामाजिक विकास समितिको संयोजकः | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृतः | सदस्य |
| (घ) बालकल्याण अधिकारीः | सदस्य |
| (ङ) महिला तथा बालबालिका शाखा प्रमुखः | सदस्य सचिव |

**८. संचालक समितिको काम कर्तव्य र अधिकारः**

संचालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कुनै बालबालिका आपतकालिन अवस्थामा रही रहेको वा विशेष संरक्षणको आवश्यकता भए नभएको भन्ने बारे यकीन गर्ने, (ख) आपतकालिन अवस्थामा रहेका बालबालिकाको संरक्षणका लागि उद्धार गर्ने, पुनस्थापना गर्ने तथा त्यस्ता बालवालिकालाई राहत दिने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) आपतकालिन अवस्थामा रहेका वा विशेष संरक्षणको आवश्यकता भए नभएको सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(ङ) आपतकालिन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने राहत उपलब्ध गराउने र पुनस्थापना गर्ने,

(च) बालवालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(छ) कोष स्थायित्वको लागि आवश्यक पहल गर्ने र वृद्धिको लागि श्रोतको खोजी गर्ने

(ज) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(झ) आपतकालिन अवस्थामा रहेका बालबालिका सम्बन्धी अन्य काम गर्ने वा गराउने,

**९. संचालक समितिको बैठक सम्बन्धी व्यवस्थाः**

(१)संचालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) संचालक समितिको बैठक संयोजकले तोकेको मिति समय र स्थानमा बस्नेछ ।

(३) संचालक समितिको बैठक बस्नु भन्दा कम्तिमा चौबीस घण्टा अगावै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।तर आपतकालिन विशेष अवस्थामा बैठक तुरुन्तै पनि वस्न सक्ने छ ।

(४) संचालक समितिको तत्काल कायम रहेको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) संचालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूहरु मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) संचालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सञ्चालक समितिले आवश्यकता अनुसार सरकारी निकाय, बालबालिकासंग सम्बन्धित संघ संस्था,

बाल अधिकारकर्मी र अन्य कुनै सरोकारवाला व्यक्ति वा संस्थालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(९) संचालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ

**१०. कोषको प्रशासनिक खर्चः**

समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकमको ०.५ (शुन्य दशमलव पाँच प्रतिशत भन्दा बढी हुने छैन ।

**११. कोषको खाता संचालन :**

(१) कोषको खाता संचालन गर्दा सरकारी कारोवार गर्न स्वीकृती प्राप्त बैंकमा खाता खोली संचालन गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको खाताको संचालन प्रमुख प्रशाशकिय अधिकृत र आर्थिक प्रशासन शाखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१२. अनुगमन र मुल्याङ्कनः**

दफा ७ बमोजिम गठित समितिको संयोजक र सदस्य सचिवले कार्यक्रम कार्यन्वयनको अनुगमन गर्नेछ। र सम्बन्धित शाखाले भत्ता वितरणको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**१३. कोषको लेखा र लेखा परीक्षण :**

(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।
(२) कोषको आन्तरिक लेखापरीक्षण प्रचलित कानून बमोजिम र अन्तिम लेखा लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१४ प्रतिवेदन पेश गर्नेः**

संचालक समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र गाउपालिकामा पेश गर्नु पर्नेछ।

**१५. कोषको सचिवालयः**

कोषको सचिवालय गाउँपालिकाको कार्यालयमा रहनेछ ।

सिलिचोङ गाउँपालिका

**१६. अभिलेख राख्नेः**

(१) संचालक समितिले आफुले गरेको काम कारवाहीको अभिलेख सदस्य सचिवले दुरुस्त राख्न पर्नेछ । (२) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुलाई प्रदान गरिएको सहायता सम्वन्धी मूल अभिलेख अनुसुची (२) को ढाँचामा राख्नु पर्नेछ।

**१७. निर्देशन दिन सक्ने :**

(१) गाउँपालिकाले संचालक समितिको काम कारवाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । (२) उपदफा (१) बमोजिम गाउँपालिकाले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१८. अधिकार प्रत्यायोजन :**

संचालक समितिले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त भएका अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, सदस्य वा गाउँपालिकाको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१९. संसोधन र खारेजिः**

यो कार्यविधिको आवश्यक संसोधन खारेज गर्ने अधिकार गाउँ कार्यपालिकामा निहीत रहनेछ ।

सिलीचोङ गाउँपालिका

अनुसूची १

(दफा ६ को उपदफा ४ सँग सम्वन्धित )

सिलीचोङ गाउँपालिका विशेष संरक्षणको आवश्यक भएका बालबालिका लागि बाल संरक्षण कोषबाट सहायता प्राप्त गर्नका लागि आवेदन फारमको ढाँचा

१. बालबालिकाको विवरणः

नाम,थरः ……………….. लिङ्गः……………..उमेरः…………………

गाउँपालिका/नगरपालिका……………   वडा नं.

गाउँ/टोलः ……….   जिल्लाः ……………..   प्रदेश…………….

विद्यालय गएको भए विद्यालयको नाम र ठेगानाः …… कक्षा ……………….

स्वास्थ्य अवस्थाः …….जन्म दर्ता भएको नभएकोः ……….

२. बाबुको विवरणः

१. बाबुको नाम/थरः ……

२. बाबु नभएको भए सो को कारणः

क. मृत्यू भएको   ख. वेपत्ता भएको   ग. अर्को विवाह गरेकोघ. अन्यः

३. आमाको विवरणः

१. आमाको नाम/थरः…..

२. आमा नभएको भए सो को कारणः

क. मृत्यू भएको   ख. वेपत्ता भएको   ग. अर्को विवाह गरेकोघ. अन्यः

३. आमाको शारीरिक वा मानसिक अवस्थाः

क. मानसिक रोगी   ख. पुर्ण अपाङ्गता   ग. अन्य अवस्थाः…………

४. अपाङ्गता भएका आमा वा अभिभावक भएमा अपाङ्गताको परिचयपत्र भएको वा नभएको अपाङ्गताको किसिम…………………………………

५. पारिवारको विवरणः

| क.सं. | परिवारको सदस्यको नाम | बालकसँगको नाता | उमेर | पेशा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

६. कुन किसिमको विशेष संरक्षण आवश्यक भएको बालबालिका हो खुलाउनेः…………………

आवेदकको

दस्तखतः   नाम, थरः

बालकसँगको नाताः   ठेगानाः

मितिः   सम्पर्क नं.

सिलीचोङ गाउँपालिका

अनुसूची २

(दफा १६ को उपदफा २ सँग सम्वन्धित)

सिलीचोङ गाउँपालिका, संखुवासभा

कोशी प्रदेश, नेपाल

सिलीचोङ गाउँपालिकाको बाल संरक्षण कोषबाट सहायता प्रदान गरिएका विशेष संरक्षण आवश्यक भएका बालबालिकाको अभिलेख

| क्र.सं. | मिति | लाभग्राही बालबालिकाको नाम | ठेगाना | अभिभावक र संरक्षकको नाम | सहायताको किसिम | उपलब्ध गराईएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

सिलीचोङ गाउँपालिका

***आज्ञाले,***

बाबुनन्दन मेहता

प्रमुख प्रशासकीय अधिकृत